नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

**<u>ढुवानीका साधन धनीहरुले स्थायी लेखा नम्बर लिने सम्बन्धी सूचना ।</u>**

आयकर नियमावली, २०५९ को नियम २३ मा निर्धारणयोग्य आय आर्जन गर्न चाहने ब्यक्ति, विभागले स्थायी लेखा नम्बर लिनु पर्ने भनी तोकेको वा आयकर ऐन,२०५८ को परिच्छेद-१७ अन्तर्गत करकट्टी गर्नु पर्ने जुनसुकै ब्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा करकट्टी गर्नु अगावै स्थायी लेखा नम्बर लिनु पर्ने ब्यवस्था रहेको छ । ढुवानीका साधन (ट्रक, टिप्पर, ट्र्याक्टर आदि) को धनी स्वयंले ढुवानी व्यवसाय सञ्चालन गरेका केही व्यवसायी र ढुवानीका साधन धनी स्वयंले ढुवानी व्यवसाय सञ्चालन नगरी अर्को व्यक्ति वा संस्थालाई भाडामा उपलब्ध गराउने गरेका केही ढुवानी साधनका धनीहरुले हालसम्म पनि स्थायी लेखा नम्बर नलिएको भन्ने जानकारी यस विभागमा प्राप्त हुन आएकोले यथासिघ्र स्थायी लेखा नम्बर लिई कारोवार गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।उल्लिखित कानूनी व्यवस्थाको बर्खिलाप गरी कारोवार गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिने ब्यहोरा समेत सूचित गरिएको छ ।